अनुसूचि-२

(दफा ४ तथा अनुसूचि-१ को भाग-२ सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ९ संख्याः ६२ मितिः मार्ग ०७ गते, २०८२

भागः २

नेपालको संविधानको अनुसूचि ८ मा उल्लेख भएबमोजिमको अधिकार अन्तर्गत रही दंगीशरण गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८२/०७/३० मा पारित भएको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

दंगीशरण गाउँपालिकाको खर, खपडा, टायलको छाना विस्थापन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०७/३०

प्रमाणीकरण मितिः २०८२/०८/०३

प्रस्तावना: दंगीशरण गाउँपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने र आफ्नै स्वामित्वको जग्गामा घर भएका आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति ,अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, किसान, श्रमिक, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिक र आर्थिक रुपले विपन्न खस आर्य घरपरिवारलाई सामाजिक न्याय तथा सुरक्षाको प्रत्याभूत गराउन जस्तापाता वितरण गर्ने र गाउँपालिकाभित्र खरको छानो विस्थापन गर्ने मूल उद्देश्यका साथ गाउँपालिकाले जस्तापाता वितरण गर्ने कार्यक्रम राखेको छ। दंगीशरण गाउँपालिकालाई समृद्ध र समुन्नत बनाउन तथा विपन्न नागरिकलाई जस्तापाता वितरण कार्यक्रम सञ्चालनमार्फत जीवनस्तर सुधार गरी गाउँपालिकालाई समावेशी तथा समुन्नत बनाउँदै जाने उद्देश्य गाउँपालिकाको रहेको छ । गरीब, असहाय, द्वन्द पीडित, एकल महिला, प्राकृतिक प्रकोपलगायत अन्य कारणले विस्थापित नागरिकको आवश्यक सुरक्षित घर नभएको र भएको घर पनि खरको छानोले छाएकै कारण असुरक्षित तरिकाले जीवन निर्वाह गरिरहेका नागरिकको पीडालाई संबोधन गर्दै समुदाय केन्द्रीत सामाजिक न्याय तथा सुरक्षाको कार्यक्रम रहेको जस्तापाता वितरण कार्यक्रमलाई वैज्ञानिक मापदण्ड र विधि बनाई कार्यान्वयन गर्दा अझ बढि प्रभावकारी हुने देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) एवं दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी दंगीशरण गाउँकार्यपालिकाको मिति २०८२/०७/३० गतेको बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**दंगीशरण गाउँपालिकाको खर, खपडा, टायलको छाना विस्थापन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "**अध्यक्ष**" भन्नाले दंगीशरण गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "**असहाय**" भन्नाले कसैको संरक्षण नभएका र आम्दानीको कुनै स्थायी स्रोत नभएको व्यक्ति वा परिवार सम्झनुपर्छ।

(ग) "**उपाध्यक्ष**" भन्नाले दंगीशरण गाउँपालिकाका उपाध्यक्षलाई सम्झनुपर्छ

(घ) "**कार्यपालिका**" भन्नाले दंगीशरण गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ङ) "**कार्यालय**" भन्नाले दंगीशरण गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ र सो शब्दले गाउँपालिकाअन्तर्गतका वडा कार्यालय, सेवा केन्द्र, विषयगत शाखा वा निकायसमेतलाई बुझाउनेछ।

(च) **"समन्वय समिति"** भन्नाले यस कार्यविधिअनुसार गठित कार्यक्रम कार्यन्वयन समन्वय समिति सम्झनुपर्छ।

(छ) "**गरीब**" भन्नाले दैनिक जिविकोपार्जन गर्नको लागि कुनै आम्दानीको स्रोत नभए, बेरोजगार व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ।

(ज) "**जस्तापाता**" भन्नाले गाउँपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अन्तर्गत रही खरिद गरेको जस्तापाता र प्लेनसिट समेतलाई जनाउँछ।

(झ) "**द्वन्द पीडित**" भन्नाले विभिन्न समयमा भएका द्वन्दले घरबार विहिन भई हाल सामान्य खरको छाना भएको आवसमा बसोवास गर्ने व्यक्ति वा परिवार सम्झनु पर्दछ।

(ञ) "**प्रकोप पीडित**" भन्नाले बाढी पहिरो, भुकम्प, आगलागीजस्ता विपतबाट विस्थापित भई आफ्नो मौलिक थाकथलो छोडी अस्थायी खरको छानो वा यस्तै प्रकारको सामग्रीले घर बनाई बसेको व्यक्ति वा परिवार सम्झनुपर्दछ।

(ट) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम गाउँपालिका प्रशासकीय कार्य गर्न नेपाल सरकारबाट खटिएकको अधिकृत कर्मचारी सम्झनुपर्छ।

(ठ) "**लाभको पद**" भन्नाले कुनै सरकारी वा संगठित गैरसरकारी निकायमा बहाल रहि तलब सुविधा लिएको व्यक्ति वा त्यस्तो निकायको निर्णय गर्ने तहमा रहेको व्यक्ति सम्झनुपर्दछ।

(ड) "**लाभग्राही**" भन्नाले दंगीशरण गाउँपालिकाभित्र स्थायी बसोबास गरी हालसम्म खर, खपडा तथा टायलको छाना भएको घरमा बसोबास गर्दै आएका परिवार, गरीब, असहाय, विस्थापित, द्वन्द पीडित, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा पछाडि परेका व्यक्ति वा परिवारलाई सम्झनुपर्दछ।

(ढ) "**वडा अध्यक्ष**" भन्नाले दंगीशरण गाउँपालिकाको वडाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ण) "वडा समिति" भन्नाले प्रचलित कानुन बमोजिम सम्बन्धित वडामा क्रियाशील वडा समिति सम्झनुपर्छ।

(त) "प्राविधिक" भन्नाले सम्बन्धित वडामा कार्यालयले काममा खटाई पठाएको प्राविधिक कर्मचारी सम्झनुपर्छ।

परिच्छेद- २

लाभग्राहीको पहिचान र छनौटको आधार सम्बन्धी व्यवस्था

३. लाभग्राही वा लक्षित वर्गको पहिचानः (१) लाभग्राही वा लक्षित वर्गको पहिचान देहायबमोजिमको आधारमा गरिनेछः

(क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना खर, खपडा, टायल वा यस्तै प्रकृतिका आगो पानी तथा हुरीबाट सहजै प्रभावित हुनसक्ने अन्य सामाग्रीबाट घरको छानो छाएको।

(ख) गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार।

(ग) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो या शुल्क बुझाएको प्रमाण वा बिजुली धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण।

(घ) गाउँपालिका क्षेत्रभित्र स्थायी बसोवास गर्दै आएको प्रमाणका रुपमा सम्बन्धित वडाको सिफारिस।

(ङ) प्रकोपका कारण घरवार विहीन भएको हकमा गाउँपालिका विपद् व्यवस्थापन समितिको सिफारिस।

(च) गरिबीको रेखामुनि रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित वडाको सिफारिस।

४. **लाभग्राहीको छनौटको आधार तथा विधिः** (१) गाउँपालिकाको समन्वयमा लाभग्राही छनौट गर्ने प्रयोजनको लागि सम्बन्धित वडा समितिले लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको आधारमा अनुसूचि-१ बमोजिम अंक प्रदान गरी प्राथमिकता क्रमानुसार लाभग्राहीको सूची तयार गरी कार्यक्रम कार्यन्वयन समन्वय समितिसमक्ष पेश गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, विपन्न परिवार, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुलीलाई प्राथमिकता दिइनेछ । त्यसैगरी प्रकोपका कारण घरवारविहीन भएका परिवारले आवास निर्माण गर्न चाहेमा त्यस्तो परिवारलाई समेत प्राथमिकता दिइनेछ।

(३) बढी अंक प्राप्त गर्ने घर परिवारलाई कार्यक्रम कार्यन्वयन समन्वय समितिले क्रमैसँग लाभग्राहीको रुपमा छनौट गरी अनुमोदनका लागि गाउँकार्यपालिकामा पेश गर्नुपर्नेछ।

(४) लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र निर्माण सामाग्री पाउने गरी छनौट गर्नुपर्नेछ।

(५) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि खरको छाना भएका एकमात्र आवासीय घरको हकमा यस कार्यविधि बमोजिम उपलब्ध गराइने जस्ता पाता उपलब्ध गराउन बाधा पर्ने छैन। वडा कार्यालयले यस्ता आवासीय घरको लगत खडा गरेर सिफारिस गरी पठाउनु पर्नेछ।

५. लाभग्राही समूहमा सहभागी हुन नपाइनेः (१) गाउँपालिकाकाले वितरण गर्ने जस्तापाता तथा खरको छाना विस्थापन कार्यक्रममा देहायका व्यक्ति वा परिवार लाभग्राही समूहमा सहभागी हुन सक्ने छैनन्

(क) गाउँपालिकाभित्र एकभन्दा बढी घर रहेको र कम्तिमा एक घर खरको छाना विस्थापन भएको परिवार,

(ख) घर खरले र गोठ तथा भण्डारण घर जस्तापाताले छानो छाएको भएपनि त्यस्तो व्यक्ति वा परिवारलाई लाभग्राहीको रुपमा छनौट गरिने छैन,

(ग) जस्तापाता पाउन तथा लाभग्राही समूहमा सहभागिता जनाउन छुट्टीएको व्यक्ति वा परिवार,

(घ) लाभको पद लिएका (बहालवाला जनप्रतिनिधि र सरकारी कर्मचारी) व्यक्ति वा परिवार,

(ङ) वडा कार्यालयबाट लाभग्राहीको रूपमा सिफारिस नभएको घर तथा परिवार।

६. सिफारिस छुट भएका लाभग्राहीहरूलाई कार्यक्रममा थप गर्न सक्नेः दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि वडा समितिबाट सिफारिस नभएका वा सिफारिस हुन छुट भएका तर कार्यक्रमको प्राथमिकतामा पर्ने आधार भएका लाभग्राहीहरूलाई कार्यपालिका बैठकको निर्णयानुसार लाभग्राहीको रूपमा थप गर्न सकिनेछ।

परिच्छेद- ३

कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

७. कार्यक्रम कार्यन्वयन प्रक्रिया : (१) कार्यक्रम कार्यन्वयनका लागि देहायको प्रकृया पूरा गर्नुपर्नेछः

(क) दंगीशरण गाउँपालिकाले सबै वडामा अनुसूची-२ बमोजिमको निवेदन संकलन गरी सार्वजनिक सूचना जारी गर्ने।

(ख) कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने कर्कटपाता, प्लेन पाता दंगीशरण गाउँपालिकाले लागत अनुमान तयार गरी एकमुष्ट खरिद गर्नेछ।

(ग) लाभग्राहीलाई उपलब्ध गराइने कर्कटपाता, प्लेन पाताको परिमाण र खरिद गरिने कर्कटपाता एवं प्लेन पाताको गुणस्तर कार्यपालिकाको बैठकको निर्णयानुसार हुनेछ।

(घ) छनौट भएका लाभग्राहीले आवश्यक संरचना तयार गरेपछि अनुसूची-५ बमोजिमको प्राविधिक प्रतिवेदनसहित सम्झौता भए पश्चात उपलब्ध गराइनेछ।

(ङ) कार्यालयबाट प्राप्त गर्ने जस्तापाता बाहेक छाना छाउन आवश्यक किला काँटी, काठ र आवश्यक अन्य सामग्री तथा जनशक्तिको व्यवस्थापन लाभग्राही स्वयंले गर्नुपर्नेछ।

(च) अनुदान उपलब्ध गराउँदा सम्झौता गरिसकेपछि लाभग्राहिले छाना लगाउने अवस्था रहेको अनुसुची-५ बमोजिमको प्राविधिक प्रतिवेदनसहितको सिफारिसको आधारमा मात्र सामाग्री उपलब्ध गराइनेछ।

(छ) लाभग्राही आफै निर्माण सामाग्री ढुवानी गर्न नसक्ने अवस्थामा वडाको कुनै एक पायक पर्ने स्थानमा गाउँपालिकाले ढुवानी गर्न सक्नेछ।

८. **लाभग्राही र कार्यालयबीच सम्झौता गर्नेः** कार्यक्रम कार्यन्वयन समन्वय समितिले प्राथमिकीकरण गरी गाउँकार्यपालिकामा अन्तिम प्राथमिकीकरण नामावली पेश भई स्वीकृत भएपछि लाभग्राही (दोस्रो पक्ष) र कार्यालय (पहिलो पक्ष) बीच अनुसूची ४ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यादेश दिन सकिनेछ।

९. **असुल उपर गराइने:** कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान सामाग्री लिएमा सम्झौतामा उल्लेखित जरिवानासहित गाउँपालिकाले सम्बन्धित

लाभग्राहीसँग उपलब्ध सामाग्री जफत गरी फिर्ता लिनसक्ने र कालो सूचीमा समेत राख्नसक्नेछ।

१०. **निर्माण कार्य सम्पन्न भएको मानिने:** गाउँपालिकाको प्राविधिकबाट अनुसूची-६ बमोजिमको प्राविधिक कार्यसम्पन्न प्रतिवेदन पेश भई कार्यक्रम कार्यन्वयन समितिले स्थलगत अनुगमन गरी अनुसूची-७ बमोजिमको कार्यसम्पन्न प्रतिवेदन तयार पारी कार्यपालिकामा पेश भई स्वीकृत भएपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ।

परिच्छेद- ४

कार्यक्रम कार्यान्वयन गर्ने निकायहरू

११. **गाउँपालिकाको काम, कर्तव्य र अधिकारः** (१) यो कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम कार्यन्वयन समन्वय समितिको बैठकको लागि आवश्यक व्यवस्था गर्ने।

(ख) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आइपरेका समस्याहरु समाधान गर्ने र यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नुपरेमा आवश्यक तयारी गरी स्वीकृतिको लागि पेश गर्ने।

(ग) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति तर्जुमा गर्ने तथा बजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने।

(घ) कार्यक्रम अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने।

१२. कार्यक्रम कार्यन्वयन समन्वय समिति सम्बन्धी व्यवस्थाः (१) दंगीशरण गाउँपालिकाको खर, खपडा, टायलको छाना विस्थापन कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि, २०८२ कार्यान्वयनको लागि दंगीशरण गाउँपालिका स्तरमा देहायबमोजिमको कार्यक्रम कार्यन्वयन समन्वय समिति रहनेछ:

(क) दंगीशरण गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) दंगीशरण गाउँपालिका, प्र.अ.अ. -सदस्य

(ग) दंगीशरण गाउँपालिकाका वडाध्यक्षहरूमध्येबाट १ जना -सदस्य

(घ) दंगीशरण गाउँपालिकाका महिला कार्यपालिका सदस्यमध्येबाट १ जना -सदस्य

(ङ) पूर्वाधार विकास शाखा प्रमुख- -सदस्य

(च) जिन्सी शाखा प्रमुख -सदस्य

(छ) दंगीशरण गाउँपालिका योजना शाखा प्रमुख -सदस्य सचिव

*(**द्रष्टव्यः**उल्लेखित कार्यक्रम कार्यन्वयन समन्वय समितिमा का.पा. सदस्य भन्नाले पालिका स्तरीय अनुगमन समितिमा रहेको का.पा. सदस्यलाई बुझाउने छ।)*

(२) **कार्यक्रम कार्यन्वयन समन्वय समितिको काम, कर्तव्य र अधिकारः** (१) कार्यक्रम कार्यन्वयन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाबाट प्राप्त प्राथमिकता क्रमानुसारका लाभग्राहीको सूची उपर छानविन गरी अन्तिम लाभग्राही सूची स्वीकृतिका लागि गाउँकार्यपालिकामा पेश गर्ने।

(ख) लाभग्राहीहरुको गुनासोहरूको व्यवस्थापन गर्ने।

(ग) कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या समाधान गर्ने।

(घ) कार्यक्रमको कार्यान्वयन सम्बन्धमा नियमित अनुगमन गर्ने।

(ङ) कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्वीकृतिका लागि गाउँकार्यपालिकामा पेश गर्ने।

(च) आवश्यक बजेटको खाका तयार पारी गाउँ कार्यपालिकामा पेश गर्ने।

(छ) लाभग्राहीको विवरण माग गर्न वडामा जानकारी गराउने।

(ज) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा समितिमार्फत कार्यपालिकामा पेश गर्ने र गाउँकार्यपालिकाले गरेको निर्णयलाई कार्यन्वयन गर्ने गराउने ।

अनुसूची १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

लाभग्राहीको छनौटको विधि

क्र.स.	विवरण	दिने अंक	कैफियत
१	हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, वर्गफिटमा	• १२० भन्दा कमलाई- १० अङ्क • १५० देखि ३०० सम्म ५ अङ्क • ३०० भन्दा बढी-० अङ्क	
२	घरको गारो	• बाँस, चिरपट कप्टेरो आदि वा त्यसमा पराल/स्वाउलाको टाटी- १० अङ्क • नमिलेको ढुङ्गाको गारो, बॉस, कप्टेरो, भकारी आदिमा माटोले पोलेको तथा काठ/फल्याक, काँचो इटामा माटोको जोर्नी – ५ अङ्क • मिलेको ढुङ्गाको गारो तथा पाकेका इटामा माटो/सिमेन्टका जोर्नी-० अङ्क	
३	घरको छानो	• फुस, आसवेटस, पराल, स्याउला, प्लाष्टिक सीट आदि-१० अङ्क • खपडा, टायल ५ अङ्क • ढलान, कर्कट पाता- ० अङ्क	

४	जग्गाको स्वामित्व	• लालपूर्जा भएको वा गाउँब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्ववासी र विवाद रहितः-५ अङ्क • नदी/पोखरी किनारामा बसोवास गरेको -५ अङ्क	
५	घरमुलीको हकमा	• अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अपाङ्ग, अनाथ बालबालिका, एकल महिला दलित, लोपउन्मुख, सिमान्कृत, अल्पसख्यक जस्ता घरमूली लाभग्राही भएका-१० अङ्क • अन्य-० अङ्क	
६	गरिबीको अवस्था	• गरिवीको रेखामुनी रहि आफैले सुरक्षित आवास निर्माण गरिरहेको-५ अङ्क • गरिबीको रेखामुनी नरहेको- ० अङ्क	

अनुसूची-२
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
कार्यक्रममा समावेश हुन लाभग्राहीहरुले वडामा दिने निवेदनको ढाँचा

मितिः

श्री वडा अध्यक्षज्यू
.....................।

महोदय,

खरको छानामुक्त गर्न दंगीशरण गाउँपालिकाको खर, खपडा, टायलको छाना विस्थापन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम मैले जस्ताको छाना छाउने कार्यको लागि संलग्न हुन देहाय बमोजिमको विवरणसहित यो निवेदन पेश गरेको छु । साथै मैले यसभन्दा अघि सोही कार्य वा यस्तै प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कुनै अनुदान लिएको छैन । झुठ ठहरिए प्रचलित कानूनबमोजिम कारवाही भएमा मेरो मंजुरी छ ।

(क) व्यक्तिगत विवरण

(१) नाम, थरः ....

(२) स्थायी ठेगानाः.....................

(३) लिङ्गः (क) पुरुष ☐ (ख) महिला ☐ (ग) अन्य ☐

(ख) पारिवारिक विवरणः

(१) वर्ग/समूहः (तपाईं आफूलाई कुन वर्ग/समूहमा राख्न रुचाउनु हुन्छ? छान्नुहोस्)

आदिवासी/ जनजाती	**दलित**	**ब्राहाण/क्षेत्री**	**मधेशी**	**अन्य**

(२) अल्पसंख्यक समुदायः हो ☐ होईन ☐

(३) लोपोन्मुख जनजातीः हो ☐ होईन ☐

(४) सीमान्तकृत वर्गः हो ☐ होईन ☐ यदि हो भने,

(५) अतिसीमान्तकृत वर्गः हो ☐ होइन ☐

(६) ज्येष्ठ नागरिकमा पर्नुहुन्छ? हो ☐ होइन ☐

(७) परिवारको संख्या जम्मा जना ☐ महिलाः ☐ पुरुषः ☐

(८) परिवारमा अपाङ्गता भएका सदस्यः छ ☐/ छैन ☐(यदि छ भने उल्लेख गर्नुहोस्)

(अ) नामः .... उमेरः ....

अशक्तताको प्रकृतिः

पूर्ण अशक्त ☐ अति अशक्त ☐ मध्यम/सामान्य ☐

(आ) नामः .... उमेरः ....

अशक्तताको प्रकृति

पूर्ण अशक्त ☐ अति अशक्त ☐ मध्यम / सामान्य ☐

(ग) घरको प्रकारः खर/पराल/आस्वेटस/फुस, स्याउलाको छाना ☐

खपडाको छाना ☐

टायलको छाना ☐

(घ) आवासीय घर बाहेक अन्य गोठ तथा भण्डारण घरः

भएको ☐ नभएको ☐

(ङ) यदि भएको भए गोठ भण्डारण घरको छानाको प्रकारः

खर/पराल/आस्वेटस/फुस, स्याउलाको छाना ☐

खपडाको छाना ☐

टायलको छाना ☐

जस्ता पाताको छाना ☐

(च) संलग्न कागजात:

(१) लाभग्राहीको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(२) आफ्नो नाउँको जग्गामा घर भएको लालपूर्जाको प्रतिलिपि ।

(३) चालु आ.व. तिरो तिरेको रसिदको प्रतिलिपि ।

(४) आफ्नो नाममा जग्गा धनिपुर्जा नभएमा एकाघरका जग्गाधनीसँगको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि (सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको) ।

(५) ऐलानी जग्गामा निर्माण भएको घरको हकमा सम्बन्धित स्थानमा वसोवास गरिएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(छ) यसमा लेखिएको व्यहोरा ठिक साँचो हो। झूठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

नामः-............................

हस्ताक्षरः-............................

मितिः-.............................

मोबाइल नं.....................................

अनुसूची ३

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

वडा समितिले लाभग्राही प्राथामिकीकरण गरी पठाउने सूचीको ढाँचा

मितिः

श्री दंगीशरण गाउँपालिका,

हेकुली, दाङ।

विषयः सिफारिस गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा दंगीशरण गाउँपालिकाको खर, खपडा, टायलको छाना विस्थापन कार्यक्रममा समावेश हुन यस वडा कार्यालयमा निवेदन पेश भएकाहरुमध्ये तपसिलका लाभग्राहीहरु कार्यक्रममा समावेश हुन योग्य देखिएकाले प्राथामिकता क्रमानुसार कार्यक्रममा समावेश गरिदिनुहुन सिफारिस साथ अनुरोध छ।

तपसिलः

प्राथामिकता क्रम	**लाभग्राहीको नाम/थर**	**लाभग्राहीको ना.प्र.नं.**	**लाभग्राही बसोबास गर्ने टोल/गाउँ**
१			
२			
३			
४			

....

(वडा अध्यक्ष)

अनुसूची ४
(दफा ७ सँग सम्बन्धित)

सम्झौता पत्र

यस दंगीशरण गाउँपालिकाको कार्यालय हेकुली दाङ (पहिलो पक्ष) र श्री............ दंगीशरण गाउँपालिका वडा नं. ..... का श्री.......... (दोस्रो पक्ष) को बीचमा दंगीशरण गाउँपालिकाको खर, खप्टा टायलको छाना विस्थापन कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि, २०८२ अनुसार लाभग्राही छनौट भई दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष .... को वार्षिक स्वीकृत कार्यक्रमको बजेटबाट प्राविधिक मूल्याङ्कन बमोजिम हुन आउने निर्माण सामाग्री दिनेगरी सो कार्य सञ्चालनका लागि देहायका सर्तहरुको अधिनमा रही उल्लेखित कार्य सञ्चालन गर्न सहमत भई यो सम्झौता पत्रमा सही छाप गरी १/१ प्रति लियौं/दियौं।

इति सम्वत्............

शर्तहरुः

१. निर्माण कार्य सम्झौता भएको मोतिले ....सम्म सम्पन्न गरिसक्नुपर्ने छ।
२. निर्माण कार्यको गुणस्तर स्वीकृत ल.ई. मा तोकिएअनुसारको हुनुपर्ने छ।
३. पहिलो पक्षले प्राविधिक लागत अनुमान (इष्टिमेट) बमोजिम जस्ता पाता उपलब्ध गराउनेछ र दोस्रो पक्षले निर्माणका लागि अन्य निर्माण सामाग्री लगायत जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछ।
४. दोस्रो पक्षले निर्माण कार्य सम्पन्न नगरी बीचमै छोडेमा पहिलो पक्षले उपलब्ध गराएको सामाग्री जफत गरी फिर्ता लिन सक्नेछ।
५. पहिलो पक्ष र दोस्रो पक्षबीच कुनै विवाद सिर्जना भएमा पहिलो पक्षको निर्णय अन्तिम हुनेछ।

६. उल्लेखित शर्तहरुमा छुट हुन गएका अन्य कुराहरुका हकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७, सार्वजनिक ऐन, २०६३ र नियमावली, २०६४ (१४ औं संशोधनसहित) अनुसार हुनेछ ।

पहिलो पक्षको तर्फबाटः	दोस्रो पक्षको तर्फबाटः
दस्तखतः	दस्तखतः
लाभग्राहीको नाम/थरः	कार्यालय प्रमुखको नामः............
ना.प्र.न.-	पदः प्रमुख प्रशासकीय अधिकृत
	रोहवरः
	दस्तखतः

अनुसूची ५

(दफा ६ को उपदफा (१) को (ग) सँग सम्बन्धित)

प्राविधिक प्रतिवेदनको ढाँचा

मिति:

श्री दंगीशरण गाउँपालिका,
दंगीशरण गाउँपालिकाको कार्यालय।

विषयः प्राविधिक प्रतिवेदन पेश गरेको बारे।

उपरोक्त सम्बन्धमा दंगीशरण गाउँपालिकालको खर,खप्टा, टायलको छाना विस्थापन कार्यविधि, २०८२ अनुसार आ.व. .... का लागि लागि देहायको विवरणसहित प्राविधिक प्रतिवेदन पेश गरेको छु।

तपसिलः

क.सं	**लाभग्राहीको विवरण**		**संरचनाको विवरण**		**आवश्यक सामाग्री**		**कैफियत**
	नाम/थर	**ठेगाना/टोल**	**लम्बाइ**	**चौडाइ**	**जस्ता पाता**	**प्लेन पाता**	
१							**संरचनाको स्पष्ट फोटो समावेश गर्ने**

प्रतिवेदकः
नाम/थरः
पदः
मितिः

अनुसूची ६

(दफा ६ को उपदफा (१) को (ग) सँग सम्बन्धित)

प्राविधिक कार्यसम्पन्न प्रतिवेदनको ढाँचा

मिति:

श्री दंगीशरण गाउँपालिका,

दंगीशरण गाउँपालिकाको कार्यालय।

विषयः प्राविधिक कार्यसम्पन्न प्रतिवेदन पेश गरेको बारे।

उपरोक्त सम्बन्धमा दंगीशरण गाउँपालिकालको खर, खप्टा, टायलको छाना विस्थापन कार्यविधि, २०८२ अनुसार आ.व. .... का लागि लागि देहायको विवरणसहित प्राविधिक कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छु।

तपसिलः

क्र.सं	**लाभग्राहीको विवरण**		**संरचनाको विवरण**		**खर्च भएको सामाग्री**		**कैफियत**
	नाम/थर	**ठेगाना/टोल**	**लम्बाइ**	**चौडाइ**	**जस्ता पाता**	**प्लेन पाता**	
१							**कार्यसम्पन्न भएको संरचनाको स्पष्ट फोटो समावेश गर्ने**

प्रतिवेदकः

नाम/थरः

पदः

मितिः

अनुसूची ७
(दफा ८ को (१) सँग सम्बन्धित)
कार्यक्रम कार्यन्वयन समितिको कार्यसम्पन्न प्रतिवेदनको ढाँचा

कार्यक्रम कार्यन्वयन समन्वय समितिको कार्यसम्पन्न अनुगमन प्रतिवेदन

स्थलगत अनुगमन मितिः २० / / गते

लाभग्राहीको नामः..

१. कार्यान्वयन स्थलः वडा नः......टोलः.................अनुगमनको प्रकारः
गा.पा. स्तरीय ☐ वडा स्तरीय ☐ अन्य ☐

२. कार्यान्वयनको अवस्थाः सुरु नभएको ☐ सुरु भैसकेको ☐
मध्यावधि अवस्थामा पुगेको ☐ सम्पन्न भैसकेको ☐

३. कार्यान्वयनको भौतिक प्रगतिको अवस्थाः
सन्तोषजनक छ ☐ सन्तोषजनक छैन ☐

४. कार्यक्रमप्रति स्थानीयको प्रतिक्रियाः
प्रतिक्रिया-१ सन्तुष्ट छु ☐ सन्तुष्ट छैन ☐
प्रतिक्रिया-२ सन्तुष्ट छु ☐ सन्तुष्ट छैन ☐

५. अनुगमनबाट देखिएका कुराहरू
....

६. मुख्य समस्याहरूः
....

७. सुझावहरू
....

८. उल्लेखित निर्देशनको अक्षरस पालना गर्नेछु भनी सहिछाप गर्ने लाभग्राहीको नामः............................ हस्ताक्षरः ....

अनुगमनर्ताहरुको नाम, पद र हस्ताक्षरः

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">नाम</th><th>पद</th><th>हस्ताक्षर</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td colspan="2">श्री.............</td><td>संयोजक</td><td></td><td></td></tr>
<tr><td>२.</td><td colspan="2">श्री ....</td><td>सदस्य (प्र.प्र.अ.)</td><td></td><td></td></tr>
<tr><td>३.</td><td colspan="2">श्री ....</td><td>सदस्य(का.पा.स.)</td><td></td><td></td></tr>
<tr><td>४.</td><td colspan="2">श्री ....</td><td>सदस्य (का.पा.स.)</td><td></td><td></td></tr>
<tr><td>५.</td><td colspan="2">श्री ....</td><td>सदस्य(जिन्सी शाखा)</td><td></td><td></td></tr>
<tr><td rowspan="2">६.</td><td rowspan="2">प्राविधिकहरु</td><td>श्री</td><td>सदस्य(इन्जिनियर)</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७.</td><td colspan="2">श्री..............</td><td>सदस्य सचिव</td><td></td><td></td></tr>
<tr><td colspan="6">आमन्त्रित</td></tr>
<tr><td>१.</td><td colspan="2"></td><td></td><td></td><td></td></tr>
</table>

आज्ञाले
कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत